जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक ६८ • २०८३ साल साउन ११ गते सोमबार (27 July, Monday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।-

## सरकारको आलोचनापछि एक रुपैयाँको सिक्काबाट गुम्बाको डिजाइन हटाइयो

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का नेता बालेन्द्र साहको नेतृत्वको सरकारले एक रुपैयाँको नयाँ सिक्काको डिजाइन परिमार्जन गर्दै नेपालको चुच्चे नक्सा र आकाश भैरवको आकृति समावेश गर्ने निर्णय गरेको छ।

यसअघि उपल्लो मुस्ताङस्थित ऐतिहासिक लो-घेकर (घार) गुम्बाको तस्बिर राख्ने निर्णय सार्वजनिक भएपछि चौतर्फी आलोचना भएको थियो। त्यसपछि सरकारले उक्त निर्णय सच्याउँदै नयाँ डिजाइनलाई अन्तिम रूप दिएको छ।

अर्थ मन्त्रालय स्रोतले जनाए अनुसार नयाँ डिजाइन तयार भइसकेको छ। यसअघि स्वीकृत निर्णय संशोधन गर्ने वा पुनः मन्त्रिपरिषद्बाट अनुमोदन गराउने भन्ने विषयमा भने अझै अन्तिम निर्णय भएको छैन।

गत असार ३२ गते बसेको मन्त्रिपरिषद् बैठकले १ र २ रुपैयाँका सिक्काको डिजाइन परिमार्जन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएको थियो। सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्दै नयाँ डिजाइनका सिक्का टकमरी गर्न राष्ट्र बैंकलाई अनुमति दिइएको बताएका थिए।

राष्ट्र बैंकको सञ्चालक समितिको सिफारिस र अर्थ मन्त्रालयको प्रस्तावका आधारमा मन्त्रिपरिषद्ले लो-घेकर गुम्बाको तस्बिर समावेश गरिएको डिजाइन स्वीकृत गरेको थियो। तर त्यसपछि नयाँ सिक्काबाट लिम्पियाधुरा, लिपुलेक र कालापानी समेटिएको नेपालको चुच्चे नक्सा हटाइएको भन्ने चर्चा व्यापक बन्यो। पूर्वउपप्रधानमन्त्री भीम रावललगायत विभिन्न राजनीतिक दलका नेता तथा नागरिक समाजले यसलाई राष्ट्रियताको विषयसँग जोड्दै सरकारको आलोचना गरेका थिए।

लो-घेकर गुम्बा विश्वका सबैभन्दा पुराना गुम्बामध्ये एक मानिन्छ। तर यसको डिजाइनलाई लिएर दुई विषय विवादको केन्द्रमा रह्यो।

२०७२ सालको भूकम्पपछि अमेरिकी दूतावासको करिब ३ करोड रुपैयाँ सहयोगमा पुनर्निर्माण गरिएको उक्त गुम्बा चीनको सीमावर्ती क्षेत्रमा अवस्थित छ।

नयाँ डिजाइनअनुसार १ र २ रुपैयाँका सिक्कामा चुच्चे नक्सा र आकाश भैरवको चित्र रहनेछ। सिक्कामा रहेका ६४ वटा थोप्ला भने यथावत् रहनेछन्, जसलाई ६४ योगिनीको प्रतीक मानिन्छ।

### वन, कृषि र वातावरण संरक्षणमा सरकारको जोड

## प्रत्येक प्रदेशमा प्राणी उद्यान, प्रांगारिक खेती प्रवर्द्धनमा विशेष अभियान

**टुडे समाचारदाता**

जनकपुरधाम। कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले वन, वातावरण, कृषि, जल, जमिन र प्राकृतिक स्रोतको संरक्षणलाई सरकारले उच्च प्राथमिकतामा राखेको बताउँदै दिगो विकासका लागि सबै तहका सरकार र समुदायबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताएका छन्। उनले वन तथा वातावरण संरक्षणसँगै प्रांगारिक कृषि प्रवर्द्धन, माटोको उर्वराशक्ति संरक्षण र किसानमैत्री कार्यक्रमलाई सरकारले प्राथमिकताका साथ अघि बढाइरहेको जानकारी दिइन्।



धनुषाको धनुषाधाम नगरपालिकास्थित सबडिभिजन वन कार्यालयमा आयोजित छलफल तथा वृक्षरोपण कार्यक्रममा बोल्दै मन्त्री चौधरीले वन र पर्यावरणको संरक्षणबिना मानव अस्तित्व नै संकटमा पर्ने उल्लेख गरिन्। प्राकृतिक स्रोतको संरक्षण कुनै एक निकायको मात्र जिम्मेवारी नभई सरकार, स्थानीय तह, समुदाय र नागरिक सबैको साझा दायित्व भएको उनको भनाइ थियो।

उहाँले सडक तथा भौतिक पूर्वाधारको विकासले मात्र देश समृद्ध नहुने उल्लेख गर्दै कृषि, वन, जलस्रोत, जमिन र वातावरणको संरक्षणसँगै समग्र विकासलाई अघि बढाउनुपर्ने आवश्यकता औँल्याइन्। देश निर्माणका लागि आर्थिक, सामाजिक र वातावरणीय पक्षबीच सन्तुलित विकास अपरिहार्य रहेको उनले बताइन्।

बाल्यकालदेखि 'हरियो वन नेपालको धन' र 'नेपाल कृषि प्रधान देश हो' भन्ने शिक्षा प्राप्त गरे पनि व्यवहारमा कृषि र वन क्षेत्रले अपेक्षित प्राथमिकता नपाएको उल्लेख गर्दै मन्त्री चौधरीले अब ती क्षेत्रलाई थप सुदृढ बनाउन सरकार प्रतिबद्ध रहेको बताइन्। उनले जनाए अनुसार माटो सुधार कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरी उत्पादन वृद्धि र प्राकृतिक स्रोतको संरक्षणलाई एकसाथ अघि बढाइनेछ।

मन्त्री चौधरीले सरकारले प्रत्येक प्रदेशमा कम्तीमा एउटा प्राणी उद्यान स्थापना गर्ने योजना अघि बढाएको जानकारी दिँदै सोही योजनाअनुसार मधेस प्रदेशमा पनि प्राणी उद्यान निर्माण गरिने बताइन्। यसबाट जैविक विविधताको संरक्षण, वन्यजन्तु व्यवस्थापन तथा पर्यापर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास उनले व्यक्त गरिन्।

उनले संघीय र प्रदेश सरकार एउटै राज्य संरचनाका अभिन्न अंग भएकाले आपसी सहकार्य, समन्वय र साझेदारीबाट मात्र प्रभावकारी परिणाम हासिल गर्न सकिने बताइन्। मधेश प्रदेशमा कृषि, वन तथा वातावरण संरक्षणका कार्यक्रमलाई सफल बनाउन सबै पक्ष मिलेर काम गर्नुपर्ने आवश्यकता उनले औँल्याइन्।

कार्यक्रममा मधेश प्रदेशका वन तथा वातावरणमन्त्री शंकरप्रसाद चौधरीले वनजंगल संरक्षणबिना मानव जीवन नै संकटमा पर्ने उल्लेख गर्दै वन संरक्षण अभियानमा सबै नागरिकको सक्रिय सहभागिता आवश्यक रहेको बताए। उनले वन संरक्षणलाई जीवन संरक्षणसँग जोडेर हेर्नुपर्ने धारणा राखे।

सो अवसरमा कृषि, वन तथा पर्यावरणमन्त्री चौधरीले सबडिभिजन वन कार्यालय परिसरमा कल्पवृक्षको बिरुवा रोप्नुका साथै धनुषाधाम वनस्पति उद्यानस्थित नक्षत्र वाटिकामा राशि अनुसारका बिरुवा रोपेर वृक्षरोपण अभियानको शुभारम्भ गरिन्।

यसैबीच, मन्त्री चौधरीले धनुषाका विभिन्न स्थानमा पुगेर किसानसंग प्रत्यक्ष अन्तरक्रिया गर्दै प्रांगारिक खेतीको विस्तार र स्थानीय स्रोतमा आधारित मलको प्रयोग बढाउन आग्रह गरेकी छन्। उनले रासायनिक मलमाथिको अत्यधिक निर्भरता घटाएर गोठे मल, कम्पोष्ट मल तथा अन्य प्रांगारिक मलको प्रयोग बढाउन सके दीर्घकालीन रूपमा माटोको उर्वराशक्ति संरक्षण गर्न सकिने बताइन्।

धनुषाको लक्ष्मीनियाँ गाउँपालिका-७ स्थित महिला साना किसान कृषि सहकारी संस्था लिमिटेडअन्तर्गत सञ्चालित कस्टम हायरिङ सेन्टरको निरीक्षण गर्दै मन्त्री चौधरीले कृषि आधुनिकीकरणमा यान्त्रिकीकरणसंगै माटोको स्वास्थ्य संरक्षणलाई समान महत्व दिनुपर्ने बताइन्। किसानलाई स्थानीय स्रोत र प्रविधिको अधिकतम उपयोग गर्न आग्रह गर्दै उहाँले दिगो कृषि प्रणालीको विकास नै भविष्यको आवश्यकता भएको बताइन्।

त्यसक्रममा उनले महिला कृषकद्वारा सञ्चालित कस्टम हायरिङ सेन्टर, आधुनिक माछापालन फार्म तथा आँप बगैंचाको समेत अवलोकन समेत गरिन्। बटेश्वर गाउँपालिका-५ शान्तिपुरस्थित अन्नपूर्ण माछापालन कम्पनी प्रालि र चित्रनगरस्थित व्यावसायिक आँप बगैंचाको निरीक्षण गर्दै उनले कृषि व्यवसायीलाई उत्पादन वृद्धि, गुणस्तर सुधार र वातावरणमैत्री खेती प्रणाली अपनाउन आग्रह गरिन्।

मन्त्री चौधरीको जनाए अनुसार सरकार उत्पादनमुखी, वातावरणमैत्री तथा दिगो कृषि प्रणालीलाई प्रोत्साहन गर्ने नीति अनुरूप किसानसम्म प्रत्यक्ष पुगेर प्राविधिक सुझाव, प्रोत्साहन र आवश्यक सहयोग उपलब्ध गराउने अभियानलाई निरन्तरता दिने तयारीमा रहेको छ।

## नारायणी अस्पतालमा उपचारमा संलग्न पाँच स्वास्थ्यकर्मी निलम्बित

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगञ्जस्थित नारायणी अस्पतालको आकस्मिक कक्षमा उपचारका क्रममा एक बिरामीको मृत्यु भएपछि उत्पन्न विवादले उग्ररुप लिएपछि अस्पतालमा तोडफोड भएको छ। अस्पतालमा तोडफोड तथा चिकित्सकमाथिको आक्रमण भएको सार्वजनिक भएपछि उक्त घटनाबारे छानबिन गर्न पाँच सदस्यीय समिति गठन गरिएको छ। सो समितिले एक साताभित्र प्रतिवेदन बुझाउने र प्रतिवेदनका आधारमा दोषी देखिएकामाथि आवश्यक कानुनी कारबाही गरिने प्रशासनले जनाएको छ।



शनिबार बिहान वीरगञ्ज महानगरपालिका-२५ का ४५ वर्षीय राजकुमार पटेललाई छाती दुख्ने समस्या भएपछि उपचारका लागि नारायणी अस्पतालको आकस्मिक कक्षमा ल्याइएको थियो। उपचारकै क्रममा उनको मृत्यु भएपछि आक्रोशित आफन्तले उपचारमा लापरबाही भएको आरोप लगाउँदै आकस्मिक कक्षमा प्रवेश गरी तोडफोड गरेका थिए।

मृतकका भतिज विकास पटेलले अस्पतालमा आवश्यक इसिजी उपकरण तथा अन्य अत्यावश्यक उपचार सामग्री उपलब्ध नभएको, चिकित्सकले केही औषधि लेखिदिए पनि आवश्यक उपचार समयमै हुन नसकेको आरोप लगाए। यसका साथै, अक्सिजनको सहारामा रहेका बिरामीलाई स्थानान्तरण गर्ने क्रममा अक्सिजन हटाइएका कारण मृत्यु भएको दाबी पनि आफन्तको छ।

> घटनापछि नारायणी अस्पताल प्रशासनले उपचारमा संलग्न पाँच जना स्वास्थ्यकर्मीलाई छानबिन प्रतिवेदन नआएसम्मका लागि जिम्मेवारीबाट हटाइएको छ ।

घटनाको निष्पक्ष छानबिनका लागि गठित समितिमा जिल्ला प्रशासन कार्यालय पर्साका प्रशासकीय अधिकृत विनयकुमार राम, नारायणी अस्पतालका डा. निरजकुमार सिंह, वीरगञ्ज महानगरपालिका-२५ का वडाध्यक्ष आशुतोष चतुर्वेदी, मृतक पक्षका प्रतिनिधि विकास पटेल र अस्पताल प्रशासनका प्रतिनिधि सुनिलकुमार रोनियार सदस्य रहेका छन्। जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी निरीक्षक समितिका संयोजक छन्।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक तथा प्रवक्ता चक्रबहादुर मल्लले दिएको जानकारी अनुसार उक्त समितिले एक साताभित्र प्रतिवेदन बुझाउनेछ । सो प्रतिवेदनका आधारमा दोषी देखिएकामाथिआवश्यककारबाही गरिने उनले बताए।

घटनापछिनारायणी अस्पताल प्रशासनले उपचारमा संलग्न पाँच जना स्वास्थ्यकर्मीलाई छानबिन प्रतिवेदन नआएसम्मका लागि जिम्मेवारीबाट हटाइएको छ । अस्पताल प्रशासनले छानबिनबाट प्राप्त निष्कर्षका आधारमा थप निर्णय गरिने जनाइएको छ।


यसैबीच घटनाका क्रममा अस्पतालको आकस्मिक कक्षमा तोडफोड हुनुका साथै उपचारमा संलग्न मेडिकल अफिसर डा. प्रमोद राममाथि पनि आक्रमण भएको थियो । जिल्ला प्रहरी कार्यालय पर्साले जनाए अनुसार तोडफोडका क्रममा स्थानीय बिटमा खटिएका प्रहरीमाथि हातपात गर्ने एक जनालाई नियन्त्रणमा लिइएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

उता, नेपाल चिकित्सक संघले घटनाको कडा शब्दमा भर्त्सना गर्दै दोषीमाथि कडा कानुनी कारबाहीको माग गरेको छ। संघले आइतबार जारी गरेको विज्ञप्तिमा शनिबार बेलुका करिब ४० देखि ५० जनाको समूहले मेडिकल अफिसर डा. प्रमोद राममाथि मरणासन्न हुनेगरी सांघातिक आक्रमण गरेको उल्लेख गरेको छ।

संघले जनाए अनुसार शनिबार बिहान मुटुसम्बन्धी समस्याका बिरामीको मृत्यु भएपछि घटनाको यथार्थ नबुझी अस्पतालको आकस्मिक कक्षमा तोडफोड गरिएको र सोही क्रममा चिकित्सकमाथि आक्रमण भएको छ। स्वास्थ्य संस्थाजस्तो संवेदनशील क्षेत्रमा भएको यस्तो घटनाले स्वास्थ्यकर्मीको सुरक्षा र सेवा प्रवाहमा गम्भीर असर पर्ने भन्दै संघले दोषीलाई अविलम्ब कानुनको दायरामा ल्याइ कडा कारबाही गर्न तथा स्वास्थ्यकर्मीलाई सुरक्षित र भयरहित वातावरणमा सेवा दिने अवस्था सुनिश्चित गर्न सरकारसँग माग गरेको छ।

बिरामीका आफन्तले उपचारमा लापरबाही भएको आरोप लगाउँदै निष्पक्ष छानबिन र जिम्मेवारमाथि कारबाहीको माग गरेका छन् भने चिकित्सक संघले स्वास्थ्यकर्मीमाथिको आक्रमणलाई आपराधिक कार्यको संज्ञा दिँदै दोषीलाई कानुनबमोजिम कारबाही गर्न आग्रह गरेको छ।





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# निन्दनीय कार्य

बारा जिल्लाको निर्वाचन क्षेत्र नम्बर ४ का सांसद गणेश पौडेलमाथि भएको दुर्व्यवहार निन्दनीय छ । लोकतन्त्रका असन्तुष्टि राख्ने अधिकार सबैको छ। तर त्यो लोकतान्त्रिक प्रक्रियाबाट मात्र राख्न पाइन्छ। राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का सांसद पौडेलमाथि केही व्यक्तिहरुले गरेको दुर्व्यवहारलाई लोकतान्त्रिक पद्धति अनुकूलको आचरण मान्न सकिदैन । शान्तिपूर्ण तरिकाले मर्यादित भाषाको प्रयोग गरी शिष्ट रुपमा असहमति जनाउन पाइन्छ । सांसदहरुसित कतिपय विषयमा आमनागरिक असन्तुष्ट रहेका हुन्छन् । तर सांसदलाई अभद्र व्यवहार गर्न पाईंदैन । सांसद पौडेलमाथि भएको दुर्व्यवहार एक प्रकारको हिंसा हो । हिंसात्मक गतिविधिमा लाग्नेहरु देशका हितकर होइन । तराईमा विगतमा धेरै सशस्त्र समूहहरु सक्रिय थिए । अझै पनि केही समूह छन् । तर ती समूहहरु पनि सक्रिय छैन । पौडेलमाथि अभद्र व्यवहार गर्नेहरुले पनि त्यस्तै समूहको पहिचान दिएको थियो । तर त्यो जुनसुकै समुह र दलसित आबद्ध भए पनि काम निन्दनीय हो । रास्वपाका सांसद पौडेलले कुनै गलत कार्यमा संलग्न थिएन । उनी संगठनात्मक र विकास सम्बन्धी कार्यको क्रममा त्यहाँ पुगेका थिए । कार्यकर्ताहरुसित भेटघाट गरी फर्किने क्रममा केही मानिसहरुले उनीमाथि कालोमोसो छर्केका थिए । सांसद पौडेलसितको असहमतिलाई सभ्य ढंगले व्यक्त गर्दा सांसदले त्यसको विषयमा जानकारी दिन्थ्यो होला । देशमा अहिले झण्डै दुई तिहाइ बहुमतको सरकार छ । सरकारले कतिपय राम्रा कार्यहरु गरिरहेको छ । तर केही कार्यहरु गर्नै नहुने खालका पनि छन् । सरकारले गर्ने गलत कार्यको सर्वत्र आलोचना हुनुपर्छ । गलतलाई सच्याउन पर्याप्त दबाब सरकारमाथि दिनुपर्छ । सरकारले गरेको गलत कार्यलाई सच्याउँदै अगाडि बढ्नु पर्छ । यो लोकतान्त्रिक पृक्रिया हो । सतारुढ दलका सांसदहरुलाई दुर्व्यवहार गर्नु निन्दनीय छ । देशमा शान्ति सुरक्षा भए मात्र विकासले गति लिनेछ । नेपालमा पटक पटक हुने हिंसात्मक गतिविधिले देश विकासमा बाधा पुगेको छ । सरकार कुनै दलको भए पनि विकास निर्माणमा सबै एकजुट हुनुपर्छ । राजनीतिक अस्थिरताले देशमा विकास हुन सक्दैन । अब कुनै पनि हिंसात्मक संगठन अथवा गतिविधि गर्न हुँदैन । देशमा शान्तिपूर्ण वातावरण बनाएर समग्र क्षेत्रमा विकास गर्न आवश्यक छ । संसारकै सुन्दर राष्ट्रहरु मध्ये एक नेपालमा पर्यटकीय विकास गरेर पनि समृद्ध हुन सकिन्छ । पानी र बिजुली बेच्ने अपार क्षमता छ । नेपालमा कुशल शासक भए सिमित समयमै अभूतपूर्व परिवर्तन आमनागरिकले महसुस गर्न सक्छन् । लामो समयपछि देशमा एकमना सरकार बनेको छ । त्यसकारण सरकारलाई काम गर्न दिनुपर्छ । हिंसात्मक गतिविधि गरेर सरकारको काममा बाधा दिन हुँदैन । हरेक दलका नेता, कार्यकर्ताहरुलाई निर्वाध रुपमा आफ्ना कार्यक्रमहरु गर्न दिनु पर्छ ।पौडेलसित भएको घटना अन्य कुनै नेतासित दोहोरिनु हुँदैन ।

# अलमलमा मधेश केन्द्रित दल



विजय मस्त

राजनीति सम्भावनाको खेल हो । कोही व्यक्ति वा पार्टी वर्षौंसम्म संघर्ष गर्दा पनि राजनीतिक सफलता हासिल गर्न सक्दैनन् भने कोही पहिलो प्रयासमै सफल हुन्छन् । नेपालको समकालीन राजनीतिमा यस्ता थुप्रै उदाहरण छन् । प्रधानमन्त्री बालेन्द्र शाह पहिलो प्रयासमै काठमाडौं महानगरपालिकाको मेयर हुँदै प्रधानमन्त्री बन्न सफल भए । लामो सशस्त्र संघर्षको नेतृत्व गरेको माओवादी पार्टी आज राष्ट्रिय राजनीतिमा चौथो शक्तिका रूपमा सीमित भएको छ । कुनै बेला प्रतिनिधिसभाको चौथो ठूलो राजनीतिक शक्ति बनेका मधेश केन्द्रित दलहरू भने आज लगभग शून्यको अवस्थामा पुगेका छन् ।

व्यक्ति होस् वा संगठन, राजनीतिक जीवनमा संघर्ष जारी राख्नुपर्छ । उतारचढाव राजनीतिका स्वाभाविक प्रक्रिया हुन् । तर प्राप्त अवसरको सदुपयोग गर्न नसक्नु र आफ्ना कमजोरीलाई समयमै आत्मसात् गरी सुधार गर्न नसक्नु ठूलो राजनीतिक भूल हो । यसको असर व्यक्तिगत जीवनमा परिवारसम्म सीमित रहन सक्छ, तर राजनीतिक जीवनमा त्यसको प्रभाव समाज र देशसम्मै पुग्न सक्छ ।

मधेश आन्दोलनपछि बलियो राजनीतिक शक्तिका रूपमा उदाएका मधेश केन्द्रित दलहरू संविधानसभाको पहिलो निर्वाचनमा चौथो ठूलो राजनीतिक शक्तिका रूपमा स्थापित भए । तर तत्कालीन सत्ता समीकरणमा आफ्ना मूल मुद्दालाई राजनीतिक बार्गेनिङको साधनका रूपमा प्रयोग गर्दै उनीहरू प्रमुख दलहरूको सरकार बनाउने र गिराउने खेलमा बढी केन्द्रित हुन थाले । यसले विस्तारै उनीहरूलाई टुटफुटको राजनीतितर्फ धकेल्यो । सरकारमा सहभागी हुँदा बढीमा दुईदेखि चार मन्त्री पाउने अवस्था थियो । तर कसलाई मन्त्री बनाउने भन्ने विषयमा संस्थागत निर्णय र स्पष्ट मापदण्ड नहुँदा असन्तुष्ट नेताहरूले पार्टी विभाजन गर्ने बाटो रोजे । हुनतः आन्दोलनका क्रममा सक्रिय रहेका कतिपय नेताहरू संविधानसभाको निर्वाचनमा सहभागी हुनुभन्दा बाहिरै बसेर आफ्ना राजनीतिक एजेन्डाका पक्षमा प्रभावकारी दबाब सिर्जना गर्न सकिन्छ भन्ने पक्षमा थिए । तर निर्वाचनमा सहभागी भएका दलहरू पनि जनताको अपेक्षाअनुसार आफ्नो राजनीतिक शक्ति र संगठनलाई दीर्घकालीन रूपमा संस्थागत गर्न असफल भए ।

संविधान निर्माणको करिब छ वर्षको अवधिमा तत्कालीन मधेश केन्द्रित दलहरू–मधेशी जनअधिकार फोरम, तराई-मधेश लोकतान्त्रिक पार्टी र सद्भावना पार्टी–विभिन्न टुक्रामा विभाजित भइसकेका थिए । संविधानसभाबाट बनेको संविधानअन्तर्गत भएको पहिलो प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचनमा सहभागी हुने वा नहुने विषयमा समेत यी दलहरू अन्तिम समयसम्म अलमलमा देखिए । जनतालाई आफ्नो नीति, कार्यक्रम र निर्वाचन रणनीति स्पष्ट रूपमा प्रस्तुत गर्न नसक्दा उनीहरूले आफ्नो पक्षमा रहेको जनमतलाई मतपत्रमा रूपान्तरण गर्न सकेनन् ।

नीति र कार्यक्रममा खासै भिन्नता नभए पनि पद र सत्ताका लागि पटक-पटक पार्टी विभाजन हुँदा मधेश केन्द्रित दलहरू क्रमशः कमजोर हुँदै गए । पछिल्लो समय त कतिपय दलहरूले आफ्नो नामबाट 'मधेश' र 'मधेशवाद' शब्दसमेत हटाए । नेपालमा मधेश केन्द्रित राजनीतिक दलहरूको इतिहास नेपाली राजनीतिसँगै अघि बढ्दै आएको छ। वि.सं. २००८ सालमा स्थापना भएको तराई कांग्रेसदेखि पछिल्लो समय उदाएको जनमत पार्टीसम्मले मधेशी राजनीतिको लामो इतिहास बोकेका छन्।

यसबीचमा थुप्रै राजनीतिक संगठन जन्मिए, विभाजित भए र कतिपय अस्तित्वमै रहेनन्। कसैले सत्ता प्राप्तिका लागि आफ्ना मुद्दासँग सम्झौता गरे भने कसैले उठाएका मुद्दालाई नै विसर्जन गरे। तर कुनै राजनीतिक दल वा नेताले तत्कालीन सत्तासँग सम्झौता गर्दैमा वा जनसरोकारका मुद्दा छाड्दैमा ती मुद्दा समाप्त हुँदैनन् । राजनीतिक दलले उठाएका विषयलाई जनतासम्म प्रभावकारी रूपमा पुर्‍याउन नसक्नु र सत्ता संघर्षमा कमजोर हुनु फरक विषय हुन् । मुद्दाको सान्दर्भिकता र त्यसलाई राजनीतिक शक्तिमा रूपान्तरण गर्ने क्षमताबीचको अन्तर बुझ्न नसक्दा नै धेरै राजनीतिक दल कमजोर भएका छन् । वर्तमान नेपाली राजनीतिमा मधेश केन्द्रित दलहरूले विगतमा हासिल गरेका उपलब्धिलाई कम आँक्न मिल्दैन ।

संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने, प्रादेशिक संरचनाको स्थापना गर्ने, समावेशी प्रतिनिधित्वलाई संवैधानिक रूपमा सुनिश्चित गर्ने तथा पछाडि पारिएका समुदायका पहिचान र अधिकारलाई राष्ट्रिय बहसको केन्द्रमा ल्याउने काममा मधेश केन्द्रित राजनीतिको महत्वपूर्ण योगदान छ । मधेश आन्दोलनले उठाएका पहिचान र अधिकारका मुद्दाकै कारण आज नेपालको राज्य संरचना विगतभन्दा बढी समावेशी बनेको छ ।

राज्यका विभिन्न निकायमा मधेशी, आदिवासी जनजाति, दलित, मुस्लीम, महिला तथा अन्य पछाडि पारिए का समुदायको प्रतिनिधित्व सुनिश्चित गर्ने संवैधानिक व्यवस्था सम्भव हुनु पनि त्यसै राजनीतिक संघर्षको परिणाम हो । गणतन्त्र नेपालको पहिलो राष्ट्रपति मधेशी समुदायबाट निर्वाचित हुनु मधेशको राजनीतिक यात्राको महत्वपूर्ण उपलब्धि हो ।

यी उपलब्धिका लागि मधेश आन्दोलन र मधेश केन्द्रित राजनीति गर्ने दलहरूले गर्व गर्न सक्छन् । तर प्रश्न उपलब्धि हासिल भयो कि भएन भन्ने मात्र होइन। मूल प्रश्न हो, प्राप्त उपलब्धिलाई मधेश केन्द्रित दलहरूले कति संस्थागत गर्न सके ? प्राप्त जनसमर्थनलाई कति दीर्घकालीन राजनीतिक शक्तिमा रूपान्तरण गर्न सके ? यहीँबाट मधेश केन्द्रित दलहरूको असफलताको कथा सुरु हुन्छ। २०६२/६३ को जनआन्दोलनपछि भएको मधेश आन्दोलनले नेपालको राजनीतिलाई नयाँ दिशातर्फ मोड्यो । त्यस आन्दोलनबाट जन्मिएका राजनीतिक दलहरूलाई पहिचानवादी शक्तिका रूपमा हेरिन्थ्यो । उनीहरूले लामो समयदेखि कायम रहेको एकात्मक राज्य संरचनामाथि प्रश्न उठाउँदै मधेशी, जनजाति, दलित, महिला तथा अन्य सीमान्तकृत समुदायका पहिचान र अधिकारलाई राष्ट्रिय राजनीतिको केन्द्रमा ल्याए।

त्यतिबेला मधेश केन्द्रित दलहरूसँग जनताको ठूलो समर्थन थियो। उनीहरूका नेताहरू राष्ट्रिय राजनीतिका निर्णायक शक्ति बनेका थिए। सरकार गठन र विघटनमा उनीहरूको भूमिका महत्वपूर्ण हुन्थ्यो। संसदमा उनीहरूको संख्या निर्णायक बन्ने अवस्था थियो। उनीहरूसँग आफ्नो राजनीतिक आधार विस्तार गर्ने, संगठन निर्माण गर्ने र राष्ट्रिय राजनीतिमा वैकल्पिक शक्तिका रूपमा स्थापित हुने ऐतिहासिक अवसर थियो। तर यही अवसरलाई उनीहरूले दीर्घकालीन राजनीतिक शक्तिमा रूपान्तरण गर्न सकेनन्।

मधेश केन्द्रित दलहरू कमजोर हुनुको प्रमुख कारणमध्ये एउटा उनीहरूले मधेशका सवालभन्दा ठूला दलहरूको सत्ता समीकरणमा आफ्नो राजनीतिक भविष्य खोज्नु हो। संविधानसभादेखि संघीय संसद्सम्म बनेका पटक-पटकका सरकारमा केही मन्त्री पद प्राप्त गर्न गरिएका सम्झौता र सत्ता साझेदारीले उनीहरूको राजनीतिक प्राथमिकतालाई क्रमशः कमजोर बनायो ।

आन्दोलनबाट संसदीय राजनीतिमा प्रवेश गर्दा मधेश केन्द्रित दलहरूमा नेपाली कांग्रेस र नेकपा एमाले लगायतका दलबाट आएका थुप्रै नेता-कार्यकर्ता पनि जोडिए। उनीहरूमध्ये केहीले आफ्नो अनुभव र प्रभावका आधारमा पार्टीलाई बलियो बनाउन योगदान पनि दिए। तर समयक्रममा वास्तविक आन्दोलनकारीभन्दा अवसर खोज्दै पार्टी प्रवेश गर्नेहरूको प्रभाव बढ्दै गयो। परिणामतः आन्दोलनको आधारमा बनेका पार्टीहरू विस्तारै संगठनभन्दा व्यक्ति केन्द्रित बन्न थाले ।

मधेश केन्द्रित दलहरू सत्तामा पुग्दा उनीहरूको वरिपरि विगतमा कांग्रेस र एमालेजस्ता ठूला दलमा अवसर नपाएका नेता-कार्यकर्ताको भीड देखिन्थ्यो । उनीहरूले मधेश केन्द्रित दललाई राष्ट्रिय शक्ति बनाउने सपना देखाए, तर पार्टीको संगठन निर्माण र जनाधार विस्तारमा अपेक्षित योगदान गर्न सकेनन्। निर्वाचनका समयमा उनीहरूको राजनीतिक निष्ठा र प्रतिबद्धता पनि सधैं मधेश केन्द्रित दलप्रति देखिएन ।

यसबीच वास्तविक आन्दोलनकारी, स्थानीय तहमा संगठन निर्माण गर्ने कार्यकर्ता र लामो समयदेखि पार्टीमा योगदान दिएका नेताहरू क्रमशः किनारामा पर्दै गए। पद र पहुँचका लागि आएका नयाँ अनुहारहरूको प्रभाव बढ्दै जाँदा पार्टीको मूल राजनीतिक आधार नै कमजोर हुँदै गयो। मधेश केन्द्रित दलहरूले स्थापनाकालदेखि नै भोग्दै आएको अर्को ठूलो समस्या हो, टुटफुटको राजनीति। पार्टी विभाजन उनीहरूको स्थायी राजनीतिक प्रवृत्तिजस्तै बन्न पुग्यो।

व्यक्तिगत महत्वाकांक्षा, नेतृत्वबीचको अविश्वास तथा पद र शक्तिको संघर्षले पार्टीहरू बारम्बार विभाजित भए। मधेशको सामाजिक संरचना आफैंमा जटिल र विविध छ। यहाँ जातीय, वर्गीय, भाषिक र क्षेत्रीय विविधता छ। यी विविधतालाई एउटै राजनीतिक शक्तिमा रूपान्तरण गर्ने जिम्मेवारी मधेश केन्द्रित दलहरूको थियो। तर उनीहरू यसमा अपेक्षित रूपमा सफल हुन सकेनन्।

अधिकांश शीर्ष नेताहरू जातीय संकीर्णता र व्यक्तिगत राजनीतिक स्वार्थबाट माथि उठ्न सकेनन्। जातिवाद, नातावाद, कृपावाद र क्षणिक राजनीतिक लाभको प्रवृत्तिले संगठन निर्माणको दीर्घकालीन प्रक्रियालाई कमजोर बनायो। आन्दोलनका क्रममा देखिएको जनउत्साहलाई संसदीय राजनीतिमा संस्थागत गर्न उनीहरू असफल भए। राजनीतिक आन्दोलन सञ्चालन गर्नु र लोकतान्त्रिक संस्थाभित्र रहेर संगठन निर्माण गर्नु फरक कुरा हो।

आन्दोलनले जनतालाई सडकमा ल्याउन सक्छ, तर चुनावी राजनीतिले जनताको विश्वासलाई मतमा रूपान्तरण गर्ने संगठन, नीति, नेतृत्व र निरन्तर जनसम्बन्ध आवश्यक हुन्छ। मधेश केन्द्रित दलहरूले आन्दोलन गर्न सक्ने क्षमता देखाए, तर त्यसलाई संस्थागत राजनीतिक शक्तिमा रूपान्तरण गर्न सकेनन्। सबैभन्दा ठूलो अवसर उनीहरूलाई संघीयता कार्यान्वयनपछि प्राप्त भएको थियो । मधेश प्रदेशमा आफ्नै सरकार गठन गर्ने अवसर पाएपछि उनीहरूले सुशासन, विकास, रोजगारी, शिक्षा, स्वास्थ्य र सार्वजनिक सेवा प्रवाहमा नयाँ उदाहरण प्रस्तुत गर्न सक्थे।

संघीयताको औचित्य जनतासामु प्रमाणित गर्ने जिम्मेवारी पनि उनीहरूकै काँधमा थियो। तर प्रदेश सरकारको कमजोर कार्यसम्पादन, राजनीतिक अस्थिरता, नेतृत्वबीचको विवाद र जनअपेक्षाअनुसार परिणाम दिन नसक्दा मधेश केन्द्रित दलहरूले आफ्नो सबैभन्दा महत्वपूर्ण अवसर गुमाए। जनताले परिवर्तनको अपेक्षा गरेका थिए, तर उनीहरूले पुरानै राजनीतिक संस्कारको पुनरावृत्ति देखे। यसको परिणाम निर्वाचनमा देखियो।

कुनै बेला मधेशको राजनीति लगभग एकछत्र नियन्त्रण गर्ने दलहरू विस्तारै कमजोर हुँदै गए। नयाँ राजनीतिक शक्तिहरूले मधेशमा आफ्नो आधार विस्तार गरे र जनताले विकल्प खोज्न थाले। यसरी मधेश केन्द्रित दलहरूको राजनीतिक स्पेस विस्तारै खुम्चिँदै गयो। आजको अवस्था मधेश केन्द्रित दलहरूका लागि केवल राजनीतिक पराजय होइन, गम्भीर आत्मसमीक्षाको विषय हो। उनीहरूले गुमाएको अवसर केवल निर्वाचन जित्ने अवसर थिएन ।

त्यो मधेशको राजनीतिक एजेन्डालाई राष्ट्रिय राजनीतिको नेतृत्वदायी एजेन्डामा रूपान्तरण गर्ने अवसर थियो। त्यो संघीयतालाई सफल बनाउने अवसर थियो। त्यो मधेशको सामाजिक र आर्थिक रूपान्तरणको नेतृत्व गर्ने अवसर थियो। राजनीतिमा हार र जित स्थायी हुँदैन। आज कमजोर भएको शक्ति भोलि पुनः बलियो बन्न सक्छ। तर त्यसका लागि विगतका गल्तीबाट सिक्नुपर्छ।

मधेश केन्द्रित दलहरूले अब पनि आफूलाई पुनर्संरचना गर्ने, नेतृत्व हस्तान्तरण गर्ने, संगठनलाई लोकतान्त्रिक बनाउने र जातीय तथा पारिवारिक घेराभन्दा माथि उठ्ने हो भने उनीहरूका लागि राजनीतिक सम्भावना समाप्त भएको छैन। मधेशको मुद्दा अझै समाप्त भएको छैन। मधेशका जनताको विकास, रोजगारी, शिक्षा, स्वास्थ्य, सुशासन र सम्मानजनक प्रतिनिधित्वको आवश्यकता अझै उत्तिकै छ। संघीयता कार्यान्वयनको प्रश्न पनि पूर्ण रूपमा समाधान भएको छैन। त्यसैले मधेशको मुद्दा जीवित छ, तर त्यसको नेतृत्व गर्ने राजनीतिक शक्तिको स्वरूप परिवर्तन हुन सक्छ।



अब मधेश केन्द्रित दलहरूका अगाडि मूलतः दुईवटा बाटा छन्। पहिलो, विगतकै शैलीमा व्यक्तिगत महत्वाकांक्षा, गुटबन्दी, विभाजन र सत्ता समीकरणको राजनीतिलाई निरन्तरता दिने। दोस्रो, विगतका कमजोरी स्वीकार गर्दै नयाँ पुस्तालाई नेतृत्वमा ल्याउने, संगठनलाई पुनर्जीवित गर्ने र मधेशका मुद्दालाई विकास, सुशासन र जनजीविकासँग जोडेर नयाँ राजनीतिक यात्रा सुरु गर्ने। इतिहासले मधेश केन्द्रित दलहरूलाई ठूलो अवसर दिएको थियो।

उनीहरूले केही महत्वपूर्ण उपलब्धि हासिल गरे, तर ती उपलब्धिलाई दीर्घकालीन राजनीतिक शक्तिमा रूपान्तरण गर्ने अवसर गुमाए। अब उनीहरूका लागि सबैभन्दा ठूलो चुनौती विगतको गौरव सम्झिएर बस्नु होइन, बरु गुमेको अवसरबाट पाठ सिक्दै नयाँ अवसर निर्माण गर्नु हो। राजनीतिमा सम्भावनाको अन्त्य हुँदैन। तर सम्भावनालाई अवसरमा र अवसरलाई उपलब्धिमा बदल्न सक्ने नेतृत्व, संगठन र स्पष्ट राजनीतिक दृष्टिकोण आवश्यक हुन्छ।

यदि मधेश केन्द्रित दलहरूले अब पनि जनता केन्द्रित राजनीति र आमजनसरोकारका मुद्दालाई प्राथमिकतामा राखेर मतदातासमक्ष जाने हो भने आगामी प्रदेश तथा स्थानीय तहका निर्वाचनमार्फत उनीहरू पुनः बलियो राजनीतिक शक्तिका रूपमा उदाउन सक्छन्। तर त्यसका लागि विगतको राजनीति दोहोर्‍याएर होइन, नयाँ राजनीतिक संस्कार र नयाँ नेतृत्वसहित अघि बढ्नुपर्नेछ।


लोकतन्त्रमा जनताको चाहना उसको आवश्यकतालाई सम्बोधन गर्ने र उसका सवाल केन्द्रीत राजनीतिक दल होस भन्ने हुन्छ । उसको नाउँमा राजनीति मात्र गरेर हुँदैन् । उसका समस्याहरुलाई समाधान केन्द्रीत योजना र कार्यक्रम स्पष्टताका साथ राख्न सकियो भने अवसर सबैका लागि सधैका लागि खुल्ला हुन्छ ।


**ज्योतिष-मार्गदर्शन**
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**

| | |
|---|---|
| मेष : | विभिन्न अवसर प्राप्त भए पनि नैतिक प्रतिष्ठा जोगाउन सजग रहनुपर्ला । |
| वृष : | सामान्य कामलाई पनि निकै मिहिनेत पर्नेछ । |
| मिथुन : | पेशा-व्यवसायमा विशेष लाभ लिने समय छ । |
| कर्कट : | स्रोतसाधन जुट्नाले मेहनतीका लागि समय निकै उत्साहजनक रहनेछ । |
| सिंह : | मिहिनेतले अवसर प्राप्त हुनेछ । |
| कन्या : | सानो कमजोरीले बाधा पुर्याउनेछ । |
| तुला : | आवश्यक पर्दा सहयोगीहरुले राम्रो साथ दिनेछन् । |
| वृश्चिक : | शुभचिन्तकहरुको साथ प्राप्त हुनाले काममा उत्साह जाग्नेछ । |
| धनु : | समय फुर्सदिलो रहनाले रमाइलो भेटघाट गर्ने अवसर प्राप्त हुनेछ । |
| मकर : | खर्चिलो काम गर्नुपर्दा अर्थ अभाव देखा पर्नेछ । |
| कुम्भ: | व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ । |
| मीन: | राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । |

**गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी**
**9812005378**


## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# अफिमसहित दुई महिला पक्राउ



**टुडे समाचारदाता**

बारा । बारा जिल्ला संग सिमाना जोडिएको भारतको बिहार राज्य अन्तर्गत पूर्वी चम्पारण (मोतिहारी) को घोडासहन क्षेत्रमा भारतीय प्रहरीले लागू औषध अफिमसहित दुई महिलालाई पक्राउ गरेको छ।

नेपालबाट भारततर्फ तस्करी हुँदै गरेको करिब ६किलो.५९० ग्राम अफिम शनिवार राति बरामद गर्दै प्रहरीले नेपाल र बिहारका दुई महिलालाई पक्राउ गरेको हो। पक्राउ पर्नेमा बिहारको सुगौली निवासी सीमा देवी र नेपालको बारा जिल्ला कलैया बैराठपुर निवासी बदामी देवी रहेको भारतीय प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार नेपालबाट मुजफ्फरपुरतर्फ जाँदै गरेको यात्रुबाहक बसमा घोडासहन बस स्ट्यान्डमा गरिएको सघन जाँचका क्रममा ९ वटा छुट्टाछुट्टै प्याकेटमा लुकाइराखिएको उक्त अफिम बरामद गरिएको हो। बरामद अफिमको अन्तर्राष्ट्रिय बजार मूल्य करिब ५० लाख भारतीय रुपैयाँ रहेको जनाइएको छ।

प ्ह र ी क ा ` प्रारम्भिक अनुसन्धानका क्रममा दुवैले लागूऔषध ओसारपसारमा संलग्न रहेको स्वीकार गरेको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्। उनीहरूले नेपालबाट मोतिहारी हुँदै मुजफ्फरपुर पुऱ्याउने योजनाअनुसार अफिम बोकेको खुल्न आएको छ।

घटनापछि प्रहरीले तस्करी सञ्जालका मुख्य योजनाकार तथा मुजफ्फरपुरस्थित रिसिभरको खोजी तीव्र पारेको जनाएको छ। मोतिहारी प्रहरीले पछिल्लो समय नेपाल-भारत सीमा क्षेत्रमा लागूऔषध तस्करी नियन्त्रणका लागि निगरानी र चेकजाँच थप कडा बनाउँदै आएको छ।

# मधेशमा लागूऔषधविरुद्ध अभियान, तीन वर्षमा दुई हजार ८११ जना पक्राउ

जनकपुरधाम । प्रतिबन्धित लागूऔषध नियन्त्रणका लागि प्रहरीले मधेस प्रदेशमा विशेष अभियान चलाएपछि लागूऔषध सेवनकर्ता र कारोबारीहरु धमाधम पक्राउ पर्न थालेका छन्।

लागूऔषधविरुद्धको अभियानअन्तर्गत प्रहरीले नियमित जाँच गर्न थालेपछि मधेश प्रदेशका आठ वटै जिल्लामा गाँजा, चरेस, अफिम, ब्राउन सुगरलगायत लागूऔषध कारोबारमा संलग्नहरु पक्राउ पर्न थालेका हुन्।

सङ्गठित अपराध लागूऔषधविरुद्ध अभियान चलाएको प्रहरीले मधेस प्रदेशका आठ वटै जिल्लाबाट ठूलो परिमाणमा लागूऔषध पनि बरामद गर्दै आएको छ।

मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार बितेका तीन आर्थिक वर्षमा मधेस प्रदेशमा विभिन्न प्रकारका लागूऔषधसहित दुई हजार ८११ जना पक्राउ परेका छन् भने दुई हजार १२१ वटा लागूऔषध सम्बन्धित मुद्दा दर्ता भएका छन्। उक्त अवधिमा दुई हजार ५५४ नेपाली, २५३ भारतीय र एक विदेशी नागरिकसहित दुई हजार ८११ जना पक्राउ परेको मधेस प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रभुप्रसाद ढकालले जानकारी दिनुभयो।

बितेको आवमा मधेस प्रदेशमा लागूऔषधसहित प्रहरीले ७८६ नेपाली, ८४ भारतीय र एक विदेशी गरी ८७१ जनालाई पक्राउ गरेको छ भने ६३० वटा लागूऔषधसम्बन्धी मुद्दा दर्ता भएको छ।

यसैगरी, सो अवधिमा १५ हजार ३८२ किलोग्राम गाँजा, ५१६ ग्राम ब्राउन सुगर, २७२ किलोग्राम चरेस,



तीन किलोग्राम अफिम, दुई हजार ८३१ ग्राम हिरोइन, चार लाख ७३ हजार ४८५ वटा ट्याब्लेट, दुई हजार ११८ सिरफ र १८ हजार १२५ इन्जेक्सन बरामद भएको प्रवक्ता बरिष्ठ प्रहरी उपरीक्षक ढकालले बताउनुभयो।

उहाँका अनुसार अघिल्लो आव २०८१/८२ मा लागूऔषधसहित ८३६ जना पक्राउ पर्दा ५८५ वटा लागुऔषधसम्बन्धी मुद्दा दर्ता भएको थियो। त्यस क्रममा १६ हजार ५७३ किलोग्राम गाँजा, ६१ ग्राम ब्राउनसुगर, ५०५ किलो ग्राम चरेस, ४५ किलो ग्राम अफिम, दुई हजार ७०५ ग्राम हिरोइन, तीन लाख ७० हजार ४४२ ट्याब्लेट, सात हजार ५०४ सिरफ र ६१ हजार ३३३ इन्जेक्सन बरामद भएको थियो।

यसअघि गत आव २०८०/८१ मा प्रहरीले मधेस प्रदेशबाट लागूऔषधसहित एक हजार १०४ जनालाई पक्राउ गरेको थियो भने ७९७ वटा लागूऔषधसम्बन्धी मुद्दा दर्ता भएको थियो। सो आवमा आठ हजार ५३९ किलो गाँजा, ५९४ ग्राम ब्राउन सुगर, १२१ किलो १४६ ग्राम चरेस, एक ग्राम अफिम, एक हजार १३१ ग्राम सात हजार १११ मिलिग्राम हिरोइन, ४९ हजार ८८८ वटा ट्याब्लेट, तीन हजार ४१६ सिरफ र ५४ हजार ४०४ इन्जेक्सन बरामद भएको थियो। यसरी खुला सिमानाकाको फाइदा उठाउँदै नेपाल-भारत सीमा जोड्ने विभिन्न नाकाका औषधि पसलहरुबाट सहजै ल्याउने लागूऔषध राजधानी काठमाडौंसम्म पुग्ने गरेका छन्।

सीमावर्ती भारतीय बजारमा पुगेर लागूऔषध सेवन र खरिद गरी नेपाल ल्याउने युवाजमात बढ्दो छ। प्रहरीले सीमा नाकामा ओहोरदोहोर गर्ने युवा जमातलाई लक्षित गरेर चेकजाँचलाई कडाई गरेसँगै अधिकांश युवाको साथबाट केही न केही मात्रामा लागूऔषधका सामग्रीहरु बरामद हुने गरेको मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रमुख प्रहरी नायब महानिरीक्षक ओमप्रसाद अधिकारीले बताउनुभयो।

लागूऔषध सेवन र कारोबारीको आरोपमा पक्राउ पर्नेमा अधिकांश २० देखि ३० वर्ष उमेर समूहका युवा छन्।

अभिभावकविहीनहरू लागूऔषधको कुलतमा फसेका उहाँले बताउनुभयो। पढाइ छोडेर बसेका, काम नपाएर फुर्सदमा बसेका युवा साथीसङ्गतको बहकाउमा परेर दुर्व्यसनीमा फस्ने गरेको प्रहरी नायब महानिरीक्षक अधिकारीले बताउनुभयो।

"यसअघि प्रायः जसो युवा लागूऔषधको दुर्व्यसनमा फसेकाजस्तो लाग्थ्यो," उहाँले भन्नुभयो, "हिजोआज बालबालिका, किशोरकिशोरी र महिला यसमा फसेका भेटिन्छन्। छोरालाई प्रहरीले पक्राउ गरेर मुद्दा चलाउँदा पनि अभिभावक आफ्ना सन्तान लागूऔषधको कुलतमा फसेको पत्याउँदैनन्। लागूऔषध दुर्व्यसनबाट बच्न अभिभावक, विद्यालय, शिक्षक र परिवार आफैँ सचेत हुनुपर्छ।" रासस

# अपांगलाई ह्विलचेयर वितरण

**टुडे समाचारदाता**

जनकपुरधाम। रोटरी क्लब अफ जनकपुरधामले आइतबार धनुषामा हिँडडुल गर्न असहज भएका दुई जना अपांग तथा अशक्त व्यक्तिलाई ह्विलचेयर प्रदान गरेको छ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा एक जना महिला र एक जना पुरुषलाई ह्विलचेयर हस्तान्तरण गरिएको हो।

कार्यक्रममा रोटरी क्लब अफ जनकपुरधामका संस्थापक अध्यक्ष विजयकुमार झुन्झुनवाला, पूर्व अध्यक्ष प्रमोद अग्रवाल, प्रोजेक्ट डाइरेक्टर प्रदीपकुमार दत्त, वडा नम्बर ११ का वडा अध्यक्ष, वडा सदस्य तथा विभिन्न क्षेत्रका व्यक्तित्वहरूको



उल्लेखनीय उपस्थिति रहेको थियो।

ह्विलचेयर वितरणपछि क्लबका पदाधिकारीहरूले अशक्त तथा अपांग व्यक्तिहरूको दैनिक जीवन सहज बनाउन सानो सहयोगस्वरूप यो सामग्री प्रदान गरिएको बताए। हिँडडुल गर्न निकै कठिनाइ भोगिरहेका लाभग्राहीहरूको जीवनयापनमा ह्विलचेयरले सकारात्मक सहयोग पुग्ने विश्वास व्यक्त गरिएको थियो।

रोटरी क्लब अफ जनकपुरधामले सामाजिक उत्तरदायित्व अन्तर्गत स्वास्थ्य, शिक्षा तथा मानवीय सेवासम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। क्लबले आगामी दिनमा पनि आवश्यकता भएका व्यक्तिहरूलाई यस्ता सहयोगमूलक कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ।

# सुनचाँदी व्यवसायीको अध्यक्षमा चन्दन

**टुडे समाचारदाता**

जनकपुरधाम । सुनचाँदी व्यवसायी संघ जनकपुरधामको नयाँ नेतृत्वका लागि सर्वसम्मत रूपमा कार्यसमिति चयन भएको छ।

संघको अध्यक्षमा राजिवकुमार साह 'चन्दन' सर्वसम्मत चयन भएका हुन्। संघको साधारणसभापछि गठित वरिष्ठ सदस्य, पूर्व पदाधिकारी तथा निर्वाचन समिति सम्मिलित १५ सदस्यीय समितिले सर्वसम्मत सहमतिका आधारमा नयाँ कार्यसमिति चयन गरेको निर्वाचन समितिका संयोजक मनिषरमण साहले जानकारी दिएका छन्।

नवनिर्वाचित कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा संजयकुमार साह, उपाध्यक्षमा श्यामप्रसाद साह, महासचिवमा प्रमोदकुमार साह, सचिवमा दीपककुमार साह तथा कोषाध्यक्षमा सत्रोहन साह सर्वसम्मत रूपमा चयन भएका छन्।

त्यस्तै, कार्यसमिति सदस्यहरूमा प्रविण साह, अलंकार कुमार ठाकुर, श्याम साह, ललन साह, संजय ठाकुर र अंकित साह निर्वाचित भएका छन्।

निर्वाचन समितिका अनुसार २०६१ सालमा दर्ता भएको संघको विधान तथा प्रस्तावनाअनुसार यसपटक जनकपुरधाम उपमहानगरपालिकाभित्र रहेका सदस्यहरूलाईसमेटेरनयाँकार्यसमिति गठन गरिएको हो।

नवनिर्वाचित कार्यसमितिले सुनचाँदी व्यवसायीहरूको हकहित संरक्षण, व्यवसायलाई व्यवस्थित बनाउने तथा संघलाई थप सक्रिय र प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरेका छन्।

# मोटरसाइकल ठक्करबाट एक जनाको मृत्यु

**टुडे समाचारदाता**

बारा । बाराको करैयामाई गाउँपालिका-८ स्थित नरही चोकदेखि इटहर जाने सडकखण्डमा मोटरसाइकलको ठक्करबाट एक जनाको मृत्यु भएको छ भने अर्का एक जना गम्भीर घाइते भएका छन्।

बारा प्रहरीले दिएको जानकारी अनुसार शनिवार राति करिब ११ बजे नम्बर नखुलेको मोटरसाइकलले पैदलयात्री उमेश साह सोनार र पवन साह सोनारलाई ठक्कर दिएको थियो। दुर्घटनापछि मोटरसाइकल चालक घटनास्थलबाट फरार भएका छन्।

घटनाको जानकारी प्राप्त हुनासाथ प्रहरी चौकी गञ्जभवानिपुरबाट सई बहादुर प्रसाद यादवको नेतृत्वमा टोली खटिएको थियो। प्रहरीले दुवै घाइतेको उद्धार गरी उपचारका लागि वीरगञ्जस्थित न्युरो अस्पताल पठाएको थियो।

जिल्ला प्रहरी प्रवक्ता मिन बहादुर घलेका अनुसार उपचारकै क्रममा आज बिहान करिब १ बजेट २० मिनेटमा करिब २५ वर्षीय उमेश साह सोनारको मृत्यु भएको छ। उनको शव हाल न्युरो अस्पतालमै राखिएको छ।

दुर्घटनामा घाइते बाराको विश्रामपुर गाउँपालिका-५, इटियाही निवासी करिब ४० वर्षीय पवन साह सोनारको टाउकोमा गम्भीर चोट लागेको छ। उनको अस्पतालको आईसीयूमा उपचार भइरहेको प्रहरीले जनाएको छ। फरार मोटरसाइकल चालक तथा सवारी साधनको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ।

# बाढीपहिरो र कटानका कारण विभिन्न राजमार्ग प्रभावित



काठमाण्डु । बाढीपहिरो र कटानका कारण देशका विभिन्न प्रमुख राजमार्ग तथा सडकखण्ड अवरुद्ध भएका छन्।

न ेपाल प्रहरीका अनुसार आइतबार साँझसम्म काभ्रेपलाञ्चोक-सिन्धुली जोड्ने बिपी राजमार्गमा राति सवारी सञ्चालनमा लगाइए प्रतिबन्ध जारी छ। सम्भावित बाढीको जोखिमलाई दृष्टिगत गर्दै खुर्कोट-नेपालथोक-कटुन्जेबेँसी सडकखण्डमा बेलुका ६:०० देखि बिहान ४:०० बजेसम्म सबै प्रकारका सवारी साधन सञ्चालनमा रोक लगाइएको छ।

यसैगरी, कान्ति लोकपथमा पनि वर्षायामका कारण अर्को सूचना नभएसम्म बेलुका ५:०० देखि बिहान ५ बजेसम्म सबै प्रकारका सवार ीसाधन सञ्चालनमा रोक लगाइएको छ।

प्रहरी प्रधान कार्यालयका अनुसार इलाम नगरपालिका-९ राजदुवालीस्थित मेची राजमार्गमा हिलो थुप्रिएपछि उक्त सडकखण्ड पूर्ण रूपमा अवरुद्ध भएको छ।रासस


## रामगोपालपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रामगोपालपुर, महोत्तरी
मधेश प्रदेश, नेपाल

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३।०४।११**

यस नगरपालिकाको लागि आ.व. २०८३।८४ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०८१/०८२ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८२/०८३ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८२/०८३ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सभार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम



## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८३/०४/११ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय रुपनी, सप्तरीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति**
२०८३/०४/१८ गते/स्थान : शाखा कार्यालय रुपनी, सप्तरी

**बोलपत्र खोलिने मिति/समय**
२०८३/०४/२० गते, बुधबार दिनको ३ बजे

| क्र.सं. | शाखा कार्यालय : रूपनी, सप्तरी | |
|---|---|---|
| | **ऋणीको नाम, ठेगाना** | |
| १. | **नाम : सप्तकोशी इन्टिग्रेटेड एग्रो फार्म प्रा.लि.**<br>नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनि रजिष्ट्रारको कार्यलय, त्रिपुरेश्वर, काठमाडौं<br>दर्ता नं. २३३२५७/०७६/०७७, दर्ता मिति : २०७६/१०/१३, पान नं. ६०९७१०६१०, दर्ता मिति : २०७७/०३/३१<br>ठेगाना : सप्तरी जिल्ला, सप्तकोशी न.पा. वडा नं. ७<br>**शेयरधनी तथा संस्थापकहरु : प्रभु नारायण चौधरी, उमाकान्त चौधरी, संजिव कुमार चौधरी र पंचदेव चौधरी** | |
| | **ऋणी तथा जमानतकर्ताको विवरण** | |
| | **१. नाम : प्रभु नारायण चौधरी**<br>ना.प्र.नं. १६४६८९, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०४७/०६/०४<br>बाबुको नाम : फुली दास चौधरी<br>बाजेको नाम : फेकु दास चौधरी<br>ठेगाना : सप्तरी जिल्ला, मोहनपुर गा.वि.स. वडा नं. ७<br>हाल : सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा. नं. ६ | **२. नाम : उमाकान्त चौधरी**<br>ना.प्र.नं. ५८०५, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०५४/०४/०९<br>बाबुको नाम : पुहुपलाल चौधरी<br>बाजेको नाम : वुधन चौधरी<br>ठेगाना : सप्तरी जिल्ला, जण्डौल गा.वि.स. वडा नं. २<br>हाल : सप्तरी जिल्ला, अगनीसाईर कृष्णासवरन गा.पा. वडा नं. १ |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : संजिव कुमार चौधरी**<br>ना.प्र.नं. ०३२०३७६४, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०५०/१२/०५<br>बाबुको नाम : कोशीलाल चौधरी<br>बाजेको नाम : मिठु लाल चौधरी<br>ठेगाना : सप्तरी जिल्ला, ओद्रहा गा.वि.स. वडा नं. ६<br>हाल : सप्तरी जिल्ला, सप्तकोशी न.पा. वडा नं. ७ | **२. नाम : रिता कुमारी चौधरी**<br>ना.प्र.नं. ०३२०३७६५, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०५०/१२/०५<br>पतिको नाम : संजिव कुमार चौधरी<br>ससुराको नाम : कोशीलाल चौधरी<br>ठेगाना : सप्तरी जिल्ला, ओद्रहा गा.वि.स. वडा नं. ६<br>हाल : सप्तरी जिल्ला, सप्तकोशी न.पा. वडा नं. ७ |
| | **३. नाम : पंचदेव चौधरी**<br>ना.प्र.नं. ५३५६, जि.प्र.का. सप्तरी, जारी मिति : २०४६/१२/२७<br>बाबुको नाम : अच्छालाल चौधरी, बाजेको नाम : छुतहरु दास चौधरी<br>ठेगाना : सप्तरी जिल्ला, जण्डौल गा.वि.स. वडा नं. २, हाल : सप्तरी जिल्ला, अगनीसाईर कृष्णासवरन गा.पा. वडा नं. १ | |
| | **धितोको विवरण** | |
| | १. संजिव कुमार चौधरीको नाममा मालपोत कार्यालय कञ्चनपुर, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, ओद्रहा गा.वि.स. वडा नं. ६ स्थित किता नं. ६९३ र ४४ को क्षेत्रफल क्रमशः ३-३-८.५-० र ०-११-८-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापत समेत।<br>२. सप्तकोशी इन्टिग्रेटेड एग्रो फार्म प्रा.लि. को नाममा मालपोत कार्यालय कञ्चनपुर, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, रुपनगर वडा नं. ३ स्थित किता नं. १०६०, १०१३, १०६१, १०५५, १०५९, १०५४, १०५६, १०६२, १०१४, १०५७, १०६५ र १०६३ को क्षेत्रफल क्रमश : ०-०-१०-०, ०-१-०-०, ०-०-१०-०, ०-०-१०-०, ०-०-७.५-०, ०-०-१०-०, ०-२-१०-०, ०-६-०-०, ०-२-१०-०, ०-०-७.५-०, ०-१-५-० र ०-०-६-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।<br>३. उमा देवी थरुनीको नाममा मालपोत कार्यालय राजविराज, सप्तरी दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, जण्डोल गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ७८१ र क्षेत्रफल ०-१-५-० भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।<br>४. रिता कुमार चौधरीको नाममा मालपोत कार्यलय राजविराज, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, जण्डोल गा.वि.स. वडा नं. २ स्थित किता नं. १०७ को क्षेत्रफल ०-१-१०-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।<br>५. ज्योति विकास बैंकको नाममा यातायात ब्यबस्थापन कार्यालय ललितपुर, नेपालमा दर्ता कायम रहेको प्रदेश ३-०१-०३३ च ७९५३ च्यासिस नं. MDHFDAD15K1002217, ईन्जीन नं. E031532 भएको Nissan Kick XV Pre(O) सवारी साधन थान १। | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : रुपनी, सप्तरी, फोन नं. ०३१-४५००१२
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# संकटमा कांग्रेस नेतृत्वको मधेश सरकार




**टुडे समाचारदाता**

जनकपुरधाम । केन्द्र राजनीतिमा आएको उतार चढावले कांग्रेस नेतृत्वका मधेश प्रदेश सरकार संकटमा परेको छ । नेकपा एमाले र नेकपाबिच नयाँ समीकरण बनेपछि मधेशमा बारे बहस सुरु भएको छ ।

नयाँ गठबन्धनले मधेस सरकारबारे कुनै स्पष्ट निर्णय नगर्दा मुख्यमन्त्री कृष्ण यादव दबाबमा परेका छन् । मधेस प्रदेशमा एमाले र नेकपा मिलेर मात्र सरकार बन्न सक्दैन, त्यसका लागि मधेसवादी दलको सहयोग अनिवार्य छ । १०७ सदस्यीय प्रदेश सभामा सरकार बनाउन अहिले भने ५२ सांसद आवश्यक पर्छ, किनकि मधेस प्रदेश सभामा हाल १०३ सदस्य छन् ।

हाल एमालेसँग २४ र नेकपासँग १५ गरी गठबन्धनसँग ३९ सांसद मात्र छन्, जुन बहुमतभन्दा १३ सिट कम हो । १२ सांसद रहेको जनमत पार्टी, १-१ सांसद रहेका नेपाल संघीय समाजवादी पार्टी र राप्रपाले साथ दिएमा मात्र यो गठबन्धनको सरकार बन्न सक्छ । तर, जनमत पार्टीले पुनः यो गठबन्धनलाई साथ नदिने भन्ने संकेत गरिसकेका छन् ।

यो स्थितिमा सबभन्दा ठुलो दल २८ सदस्यीय जनता समाजवादी पार्टी (जसपा) नेपाल मधेसमा निर्णायक बनेको छ । ठुलो दलको हैसियतले जसपा नेपालले सरकारको नेतृत्वमा दाबी गरिरहेको छ ।

जसपा नेपालका नेता डा. सुरेन्द्र झाले ठुलो दलको नाताले नेतृत्वमा दाबी स्वाभाविक भएपनि कांग्रेसले सरकार नछाडेसम्म नयाँ प्रक्रिया सुरु हुन नसक्ने बताए । यस्तै, अर्का नेता जितेन्द्र सोनलले वर्तमान सरकारको परिस्थिति नबदलिएसम्म जसपा नेपालले कुनै कदम नचाल्ने स्पष्ट पारे ।

उनले भने, 'हामी सरकार बनाउने पर्छ भन्ने दौडमा छैनौँ, अर्को सरकार बनाउने परिस्थिति बनेमा मात्र छलफल गर्छौं ।'

केन्द्रमा कांग्रेस र एमालेबिच कुनै सहमति भए मात्र मधेस सरकारले निरन्तरता पाउन सक्छ । सरकारमाथि संकट गहिरिँदै जाँदा मुख्यमन्त्री कृष्ण यादव भने काठमाडौँ पुगेर पार्टीका शीर्ष नेताहरूसँग छलफल जारी राखेका छन् । मधेस प्रदेशमा नेपाली कांग्रेसको २२ सिट रहेको छ ।

उता एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बिच पाँच प्रदेशमा सत्ता सहकार्यको सहमति भएसँगै नेपाली कांग्रेसले मधेश र गण्डकी मा आफ्ना सरकार र सत्ता पोजिसन जोगाउन रणनीतिक पहल सुरु गरेको छ ।

सानेपास्थित पार्टी केन्द्रीय कार्यालयमा आइतबार बसेको पदाधिकारी, प्रदेश सभापति, संसदीय दलका नेता र मुख्यमन्त्रीहरूको बैठकले प्रदेशको वस्तुस्थिति अनुसार सबै दलहरूसँग वार्ता र संवाद जारी राख्ने निर्णय गरेको छ ।

अहिले कांग्रेसको नेतृत्वमा रहेका मधेस, बागमती, गण्डकी र सुदूरपश्चिम मध्ये बागमती र सुदूरपश्चिममा मुख्यमन्त्री पद धरापमा परेको छ । यद्यपि, एमाले र नेकपाबिच सहमति भएका प्रदेशहरूमा पनि दुई दलको मात्रै सहजरूपमा बहुमत नपुग्ने आकलन गर्दै कांग्रेसले साना दलहरूका साथै सत्ता साझेदार दलहरूसँग समेत छलफल अघि बढाउने रणनीति बनाएको छ ।

विशेष गरी लुम्बिनीमा सभामुखबाहेक बहुमत नपुग्ने प्राविधिक अवस्थालाई ध्यान दिँदै कांग्रेसले तत्कालै मुख्यमन्त्री तथा मन्त्रीहरूले राजीनामा नदिने र राजनीतिक प्रयास असफल भएपछि मात्रै अन्तिम निर्णय लिने नीति तय गरेको छ ।

केन्द्रस्तरमा अन्य दलहरूसँग राजनीतिक संवादका लागि कांग्रेसले सभापति गगन थापा, उपसभापतिद्वय विश्वप्रकाश शर्मा र पुष्पा भुसाल तथा महामन्त्रीद्वय प्रदीप पौडेल र गुरुराज घिमिरेलाई जिम्मेवारी सुम्पेको छ । लोकतान्त्रिक मूल्यमान्यता विपरीत तीन ठूला दल मिलेर प्रतिपक्षीविहीन प्रदेश सरकार बनाउन अस्वीकार गरेको कांग्रेसले आफ्ना सरकार जोगाउन अन्तिम समयसम्म प्रयास जारी राख्ने प्रस्ट पारेको छ ।

# प्रधानमन्त्री बालेनको प्रश्न 'जनकपुरमा डोजर कहिलेदेखि चल्छ'

गुठी संस्थान, प्रधान कार्यालयका प्रवक्ता जनक पोखेल भने अगामी प्रक्रिया अनुसार अतिक्रमति क्षेत्र नछोडेको संरचनामा डोजर चलाउने बताउँछन् । "कहिलेदेखि चल्छ भन्ने कुरा चाहीं यकिन छैन," पोखरेलले भने, "खासमा ध्रुव सरको मन्त्रालय सरूवाले अलिक ढिला भएको छ ।"

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा अतिक्रमित गुठीको जग्गामा डोजर कहिलेदेखि चल्ने भन्ने कुरा प्रधानमन्त्री बालेन्द्र साह 'बालेन' ले यसपटक पनि मन्त्रिपरिषद्को बैठकमा उठाएका छन् । प्रधानमन्त्री बालेनले लगभग सबै बैठकमा यी कुरा उठाउँदै आएको बुझिएको छ ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री प्रतिभा रावल र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री खडक राज (गनेश) पौडेलसँग पछिल्लो बैठकमा प्रधानमन्त्री बालेनले सोझै प्रश्न तेर्साउँदै भने 'जनकपुरमा कहिलेदेखि चल्छ डोजर ?'



मन्त्रिपरिषद्का एक सदस्यका अनुसार प्रधानमन्त्री बालेनले दुवैजनालाई दबाब दिदैं आएको छन् । 'दुवै मन्त्रीहरू आफूहरू प्रक्रिया अगाडि बढाइसकेको तर कतिपय बस्तीहरू नै पर्ने भएकाले चरणबद्ध रूपमा डोजर चलाउने दिदैं आएको छ । तर प्रधानमन्त्री बालेनले प्रतिवेदन अनुसार सबैतिर एकैपटक लगाउ भन्ने दबाव दिदैं आएको छ ।'

बालेनले जनकपुरको सन्दर्भमा यस्तो चासो देखाउनुको कारण उनले आफैं गएको माघ ५ गते राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) द्वारा आयोजित 'परिवर्तनको उद्घोष सभा' मा गरेको भाषण हो । उनले भाषणमा आफू जनकपुरधामको अतिक्रमित जग्गा, मठमन्दिर र पोखरीको संरक्षण गर्ने प्रतिबद्धता जनाएको कारण चासो लिएको उनको भनाई छ ।

'काठमाडौंमा हामीले मन्दिर जोगायौं, पाटीपौवा संरक्षण गर्यौं, पोखरी संरक्षण गर्यौं, फल्चा बनायौं । तर जनकपुरधाममा त्यहाँका पोखरी, मन्दिर, पाटीपौवा बाटो कुरेर बसेका छन् की कहिले कोही आउँछ र हामीलाई संरक्षण दिन्छ,' बालेनले भाषणमा भनेका थिए, 'त्यो कोही भनेकै राष्ट्रिय स्वतन्त्र पार्टी हो । यहाँको पोखरीको, यहाँको मन्दिरको र यहाँको भूमिको संरक्षण अब राष्ट्रिय स्वतन्त्र पार्टीले गर्छ । र मलाई तपाईंहरू काम दिनुस् म काम गरेर देखाउँछु ।' उद्घोष सभामा गरेको प्रतिबद्धता अनुसार प्रधानमन्त्री हिँडेको रास्वपाका एक केन्द्रिय नेताले भने ।

यही कारणले बालेन पटकपटक पौडेललाई भन्दा पनि रावललाई भनिरहेका छन्, 'आई नीड जनकपुर नीट एण्ड क्लिन ।'

मन्त्री रावलको सचिवालयको फेसबुक पेजबाटै अतिक्रमित जग्गा यथाशीघ्र खाली गराउन निर्देशात्मक सूचना जारी भएको छ ।

'जनकपुर उपमहानगरपालिकाभित्र रहेका राजगुठी अन्तर्गतका विभिन्न पोखरी तथा पोखरीका डिल क्षेत्रमा भएको अतिक्रमण हटाउन सरकारले सात दिन भित्र हटाउन निर्देशन दिएको थियो ।' तर हालका लागि गुठी संस्थानको कर्मचारी खटनपटनले त्यो स्थगित हुन गएको छ ।

'गुठीको जग्गा संरक्षण र व्यवस्थापनका लागि गठित उच्चस्तरीय कार्यदलको प्रतिवेदन-२०६२ कार्यान्वयन समितिले सार्वजनिक सूचना जारी गर्दै विषहरा पोखरी, दशरथ तालाउ, अर्गजा सर, रत्नसागर पोखरी, मुरली सर, दीर्घिका सर, गोडधोई पोखरी लगायतका जलाशय तथा तिनका डिल क्षेत्रमा भएका अनधिकृत संरचना र अतिक्रमण हटाउन सूचना जारी गर्दै निर्देशन दिएको थियो ।'

## सकियो सरकारी म्याद

गुठी जग्गाको संरक्षण तथा अतिक्रमण हटाउन असारको २४ गते नै गुठी संस्थान, प्रधान कार्यालयका गुठी प्रशासक ध्रुव घिमिरेको संयोजकत्वमा नौ सदस्यीय कार्यान्वयन समिति गठन गरेको थियो । सोही अन्तर्गत साउनको १ गते मन्दिर परिसर, पोखरी तथा पोखरीका डिलमा भएको अतिक्रमण रेखाङ्कन गरी सम्बन्धित व्यक्तिलाई सात दिनभित्र स्वेच्छाले जग्गा खाली गर्न सूचना समेत जारी गरेको थियो, जसको म्याद साउनको आठ नै सकिइसक्यो ।

यद्यपी, समिति अहिलेसम्म कुनै 'एक्शन'मा उत्रिएको छैन । यसैबीच समितिको संयोजक रहेका घिमिरेको जिम्मेवारीमा नयाँ गुठी प्रशासक सैलेश राज कुवँरलाई नियुक्त गरिएको छ । यसअघि घिमिरे दोहोरो जिम्मेवारीमा थिए भने अब उनी भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहसचिवको जिम्मेवारीमा मात्रै छन् ।

धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी भुदेव झाका अनुसार समितिले दिएको सात दिने म्याद सकिएयता मन्त्रालयबाट थप अप्डेट आएको छैन । 'अब हामीले जे निर्देशन आउँछ हामी त्यसरी काम गर्छौं,' झाले बताए ।

त्यस्तै, गुठी संस्थान शाखा कार्यालय धनुषाका प्रमुख किशोर कुमार झा पनि म्याद सकिएपछि थप सूचना आफूलाई नै नआएको बताउँछन् । उनका अनुसार गुठी संस्थानको प्रधान कार्यालयबाट उनलाई अगामी प्रक्रियाबारे कुनै जानकारी आएको छैन ।

गुठी संस्थान, प्रधान कार्यालयका प्रवक्ता जनक पोखेल भने अगामी प्रक्रिया अनुसार अतिक्रमति क्षेत्र नछोडेको संरचनामा डोजर चलाउने बताउँछन् । 'कहिलेदेखि चल्छ भन्ने कुरा चाहीं यकिन छैन,' पोखरेलले भने, 'खासमा ध्रुव सरको मन्त्रालय सरूवाले अलिक ढिला भएको छ ।'

नौ सदस्यीय समितिमा जिल्ला प्रशासन कार्यालय धनुषाका सहायक प्रमुख जिल्ला अधिकारीसँगै जिल्ला समन्वय समिति धनुषाका जिल्ला समन्वय अधिकारी, भूमि व्यवस्थापन तथा अभिलेख विभागका निर्देशक, भूमि प्रशासन कार्यालय धनुषाका प्रमुख, भूमि प्रशासन अधिकृत, नापी कार्यालय धनुषाका प्रमुख नापी अधिकृत, गुठी संस्थान शाखा कार्यालय धनुषाका कार्यालय प्रमुखलगायतका प्रतिनिधि सदस्य रहेका छन् ।

# २६ दिनदेखि दुई किसान भारतीय जेलमै

**टुडे समाचारदाता**

मलंगवा । मल किन्न भारतीय बजार गएका सर्लाहीका दुई नेपाली किसान २६ दिनदेखि भारतीय जेलमै रहँदा पनि सरकारले कुनै चासो देखाएको छैन । असार १७ गते पक्राउ परेका बलरा-५, सर्लाहीका सुरेशप्रसाद सिंह र नागेन्द्रप्रसाद सिंह अझै छुटेका छैनन् । उनीहरूलाई असार १८ गते जेल चलान गरिएको थियो ।



भारतको सीतामढी जिल्लाको सोनबरसाबाट खेतमा हाल्ने डिएपी र युरिया मल सहित पक्राउ परेका उनीहरू एक हप्ता अगावै छुट्ने देखिदैन । रिहाईको माग राखेर दर्ता गत शुक्रबार अदालतमा निवेदन दर्ता भएको सुरेशप्रसादका छोरा अविनाश सिंहले जानकारी दिए ।

निवेदनमाथिको सुनुवाई ३१ जुलाई (१५ साउन)का लागि तोकिएको छ । 'वकिलले सुनुवाईपछि रिहा हुने आश्वासन दिनु भएको छ,' अविनाश भन्छन्, 'बुबा र ठूलो बुबा छुट्न ३१ तारिख अर्थात् एक हप्ता अझै कुर्नुपर्ने भयो ।'

ती दुई किसानलाई छोडाउन नेपाल सरकारबाट कुनै ठोस पहल अघि बढाइएको छ । मल उपलब्ध गराउन नसके पछि भारत जान बाध्य भएका किसानलाई छुटाउन सरकारले पहल गर्नुपर्ने मानवअधिकारकर्मीहरू बताउँछन् । मधेश मानवअधिकार होमका संस्थापक रवि ठाकुर सिंहद्वयलाई छुटाउन नेपाल सरकारले पहल गर्नुपर्नेमा जोड दिन्छन् ।

सरकारले मल उपलब्ध गराउन नसकेपछि प्रशासनले सीमा नाकामा अलि खुकुलो गर्ने संकेत गरेकाले किसानहरू ढुक्क भएर भारतीय बजार पुगेको हुनसक्ने ठाकुर बताउँछन् । उनी भन्छन्, 'नेपाल सरकारले चाहने हो भने हाम्रा किसानहरू अनाहकमा त्यसरी थुनिएर बस्नु पर्ने थिएन । आफ्नो नागरिकको पक्षमा बोल्न सरकारले खुट्टा कमाउनु भएन ।'

सजिलै मल किन्न नपाउँदा सीमा क्षेत्रका धेरै कृषकहरू भारतीय बजारमा निर्भर हुनु परेको अविनाश बताउँछन् । उनी भन्छन्, 'मल यही उपलब्ध हुने हो भने कोही पनि जोखिम मोलेर सीमापारी मल्ल किन्न जाँदैन ।'

# चिकित्क कुटनेलाई कारवाही गर्न माग

**टुडे समाचारदाता**

वीरगन्ज । नेपाल चिकित्सक संघले वीरगन्जस्थित नारायणी अस्पतालमा कार्यरत मेडिकल अफिसर डा प्रमोद राममाथि आक्रमण गर्नेलाई कडा कारबाही गर्न माग गरेको छ ।

संघले आइतवार विज्ञप्ति जारी गर्दै डा राममाथि शनिबार बेलुका करिब ४०-५० जनाको समूहले मरणासन्न हुनेगरी साङ्घातिक आक्रमण गरेको जनाउँदै घटनाको भर्त्सना गरेको छ ।

शनिबार बिहान अस्पतालको आकस्मिक कक्षमा भर्ना गरिएका मुटुसम्बन्धी समस्याका बिरामी र घटनाको यथार्थ नबुझी अस्पतालको अस्पतालको आकस्मिक कक्षमा तोडफोड गरी आतङ्क सृजना गरिएको र सोही क्रममा डा राममाथि साङ्घातिक आक्रमण गरिएको संघको भनाइ छ ।

संघले भनेको छ, "स्वास्थ्य संस्थाजस्तो संवेदनशील क्षेत्रलाई आतङ्कित पार्नेगरी पठाइएको यस्तो आपराधिक घटनामा संलग्न दोषीहरुलाई अविलम्ब कानुनको दायरामा ल्याई कानुनबमोजिम कडा कारबाही गरी सुरक्षित र भयरहित वातावरणमा स्वास्थ्य सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन संघ नेपाल सरकारसँग जोडदार माग गर्दछ ।"

# ठूलो मात्रामा गाँजा बरामद

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साबाट ठूलो परिमाणको गाँजा बरामद भएको छ । शनिवार राति पर्साको छिपहरमाई गाउँपालिका-१ मिर्जापुरस्थित एक आँपको बगैँचाबाट १४० किलो गाँजा बरामद भएको हो ।



विशेष सूचनाका आधारमा खटिएको इलाका प्रहरी कार्यालय पोखरिया र सशस्त्र प्रहरी बल (बीओपी) मिर्जापुरको संयुक्त सुरक्षा टोलीले बगैँचामा लुकाइराखेको अवस्थामा १४० किलो गाँजा नियन्त्रणमा लिएको हो ।

सुरक्षाकर्मीको टोलीले बगैँचामा छापा मार्दा बाक्लो घाँसभित्र झाडीमा लुकाएर राखिएका १३ वटा प्लास्टिकका पोकाहरू फेला पारेको थियो । प्रहरी टोली पुग्नुअघि नै संलग्न व्यक्तिहरू फरार भइसकेकाले घटनामा संलग्न कसैलाई पनि पक्राउ गर्न सकिएको छैन ।

बरामद भएका गाँजा आवश्यक कारबाहीका लागि नियन्त्रणमा लिई तस्करीमा संलग्न समूहको खोजी कार्यका साथै घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।








## बाढी/पहिरोबाट सचेत होऔं

**बाढी/पहिरो आउनुअघिः**

- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- आपतकालिन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगालगायत) तयार राखौं,
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरुको सुरक्षामा प्राथमिकता दिऔं ।

**बाढी/पहिरो आएमाः**

- अनावश्यक हिंडडुल नगरौं,
- सुरक्षित स्थानतर्फ जाऔं,
- बिजुलीका तार तथा खाम्बाबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तवरले तरौं,
- अफवाह नफैलाऔं, सत्य सूचनामात्र आदान-प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८